लेखापरीक्षण प्रतिवेदन

बौदीकाली गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बौदीकाली गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/324

श्रीमान अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/324

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ४९ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ४८ लाख ३६ हजार फस्र्यौट भई असुल गर्नुपर्ने बेरुजु रु.१ लाख ४६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.६ करोड ४८ लाख १६ हजारमध्ये रु. ९ लाख ६० हजार समायोजन तथा रु. ३ करोड ६२ लाख ४९ हजार फस्र्यौट भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.२ करोड ७७ लाख ५३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसै गरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा-लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
५९	८	१,४९,८३,२०५	१	७	१,४८,३६,८०३	०	५८	१	१,४६,४०२	१,४६,४०२	०	०	०	०	०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नवलपरासी बर्दघाट सुस्ता पूर्व	६,४८,१६,४९७	(९,६०,३४९)	३,६२,४९,३६८	२,७६,०६,७८०	०	१,४६,४०२	२,७७,५३,१८२

नोट: आ.व. २०७६।७७ को प्रतिवेदनमा पेश्की फछ्यौंट भएको रकम रु.९६०३४९ घटाएको नदेखिएकोले गत वर्षसम्मको अद्यावधिक बाँकीमा उक्त रकम घटाई समायोजन गरिएको।

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको			
१	२०८१/८२	राजश्व बाँडफाँड	१२,०६,६४८
२	२०८१/८२	बौदीकाली चक्रपथ	३,६१,७३८
३	२०८१/८२	प्रशासकीय भवन	१,१८,००,०००

४	२०८१/८२	जिन्सी दाखिला	७,२७,५३९
५	२०८१/८२	कार्यमूलक अनुसन्धान तालिम	४,००,०००
६	२०८१/८२	आयोगको परामर्श	०
७	२०८१/८२	आय ठेक्कामा मूल्य अभिवृद्धि कर	३,४०,८७८
		जम्मा	**१,४८,३६,८०३**
गत विगत आर्थिक वर्षहरूको संपरीक्षण			
८	२०८०/८१	स्वयंसेवक शिक्षक परिचालन कार्यक्रम	४,१९,३३३
९	२०८०/८१	विधुर पुरुषको लागि सामाजिक सुरक्षा भत्ता	७,७४,०००
१०	२०८०/८१	विद्युत व्यवस्थापन सहयोगी	१,६२,०००
११	२०८०/८१	म्याद नाघेको पेश्की	६,००,०००
१२	२०८०/८१	फरक शिर्षकमा खर्च	८,३३,६८८
१३	२०८०/८१	पशुपालक तालिम	२५,५००
१४	२०८०/८१	ठेक्का नं २०७७/७८-०३(RE) (१५ शैय्या अस्पताल भवन निर्माण)	१,०९,७४,२१७
१५	२०८०/८१	छात्रवृति कार्यक्रम	६०,०००
१६	२०८०/८१	गाउँपालिका तर्फ बढी व्ययभार	१,२९,२८,४७८
१७	२०८०/८१	कालिगण्डकी नदी क्षेत्रको IEE	४,४५,६५०
१८	२०८०/८१	आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन	६,२५,०००
१९	२०८०/८१	आन्तरिक आय व्यवस्थापन	७,०१२
२०	२०७९/८०	स्पष्ट उद्देश्य बेगरको भ्रमण खर्च	४४,०००
२१	२०७९/८०	विदुर भत्ता	७,१९,०००
२२	२०७९/८०	पदाधिकारीको दोहोरो सुविधा	७२,०००
२३	२०७९/८०	दलित प्रवर्धन तथा सशक्तिकरण कार्यक्रम	५,८९,६५०
२४	२०७९/८०	डि पि आर खर्च	१४,९९,५१०
२५	२०७९/८०	कृषि संकलन केन्द्रको संचालन	९,००,०००

२६	२०७९/८०	उपभोक्ता समितिबाट पाइप खरिद	६,३०,०००
२७	२०७९/८०	ईट्टा खरिदमा बढी भुक्तानी	१३,४८२
२८	२०७९/८०	अवण्डा बाट खर्च	४,३३,४९०
२९	२०७९/८०	अन्य निकायको असम्बन्धित खर्च	६,००,०००
३०	२०७९/८०	अनुगमन नभएको	७,८१,१७०
३१	२०७८/७९	संगठन तथा कर्मचारी व्यवस्थापन	१५,१२,१८८
३२	२०७८/७९	पेश्की व्यवस्थापन	६,००,०००
जम्मा			**३,६२,४९,३६८**
कुल जम्मा			**५,१०,८६,१७१**

बौदीकाली गाउँपालिका, नवलपुर

(८०४४६५०१३००)

बौदीकाली गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ९१.९ वर्ग किलोमिटर तथा जनसंख्या ११३३८ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।६ देखि २०८२।८।९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय व्ययतर्फ रु. ९४ करोड ३८ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता बाँकी रकम रु.६१२८५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देंखिएका व्यहोराहरु

२ वित्तीय प्रतिवेदन

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छः-

आर्थिक कारोबारको एकीकृत विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		११५४९७२६६	चालु खर्च		२५२०७३०५६
१.संचित कोष	९८९३७८३०		१. पालिका तर्फ	९००६७५७८	
२.धरौटी	५६८०४२८		२. संघीय सशर्त	१६२००५४७८	
३.कार्यसञ्चालन कोषहरु	७७६३७०१		३. संघीय विशेष	०	
४. विभाज्यकोष खाता	२८२४७४०		४. प्रदेश सशर्त	०	
दाइत्व एवम फिर्ता बाकी	२९०५६६				
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	१९५७५८८७	१९५७५८८७	पुँजीगत खर्च		१११२७९१२८
२. वित्तीय हस्तान्तरण (संघ)		३२९४९३७१८	१. पालिका तर्फ	९३०२९९२५	
क) समानीकरण अनुदान	७२५८२१६०		२. संघीय सशर्त	२८१९३३८	
ख) राजस्व बाँडफाँट	६७१६०७०३		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	१८०९१२७१९		४. संघीय समपुरक	७२९५१६५	
घ) समपुरक अनुदान	७२९५१६५		५. प्रदेश सशर्त	०	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	३८४७७००	
च) रोयल्टी	१५४२९७२		७. प्रदेश समपुरक	४२८७०००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		८२३९३०७१
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२०८२१७८२	क) सामाजिक सुरक्षा	७००५९९५५	
क) समानीकरण अनुदान	९२९८०००		ख) प्रशासकीय भवन विकास	११८०००००	
ख) राजस्व बाँडफाँट	३३८९०८२		ग) स्वास्थ्य क्षेत्र सुधार	५३३११६	
ग) सशर्त अनुदान			अन्तर सरकारी अख्तियारी (प्रदेश)	१३०६७८१	१३०६७८१
घ) समपुरक अनुदान	४२८७०००		ऋण फिर्ता (साँवा)		०
ङ) विशेष अनुदान	३८४७७००		ऋणको ब्याज भुक्तानी		०
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	३८१३०५१	३८१३०५१
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	४५५७९८९	४५५७९८९
४. अन्तर सरकारी अख्तियारी (संघ)		८२३९३०७१	दहतर तहतरको बाडफाड	५१९०३९५	५१९०३९५
क) सामाजिक सुरक्षा	७००५९९५५		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०

ख) प्रशासकीय भवन विकास	११८०००००		अन्य सहयोगमा सञ्चालित योजना		०
ग) स्वास्थ्य क्षेत्र सुधार	५३३११६		दाइत्व एवम फिर्ता रकम	२९०५६६	२९०५६६
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	१३०६७८१	१३०६७८१	अनुदान फिर्ता		१६०८७९०४
६. ऋण/ वित्तीय व्यवस्था	०	०	१. संघ तर्फ		
७. धरौटी आय	४५८६०३८	४५८६०३८	क) सशर्त अनुदान	१६०८७९०४	
८. कार्यसञ्चालन कोष आय	२९३१४८५	२९३१४८५	ख) विशेष अनुदान		
९. अन्य कोषको आय	०	०	ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०	२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	०	क) सशर्त अनुदान	०	
१२.दहत्तर वहतर अवन्डा	५७२३१५५	५७२३१५५	ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	०	
			अन्तिम मौज्दात		१०५३३७२४२
			१. संचित कोषको मौज्दात	८९३८९१२९	
			२. धरौटी	६४५३४१५	
			३. कार्यसञ्चालनकोष	६१३७१९७	
			४. बिभाज्यकोषको बाकी	३३५७५००	
जम्मा	५८२३२९१८३	५८२३२९१८३	जम्मा	५८२३२९१८३	५८२३२९१८३

२.२ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सुत्र) बाट तयार भएको पालिकाको वित्तिय विवरण म.ले.प फा नं २७० अनुसूची-१ मा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको अनुसूची २४ अनुसार वर्षान्तमा स्रेस्ता र बैंक मौज्दात देहायअनुसार छः

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता ग-४-१	८९३८९१२९	८९३८९१२९	०
स्थानीय तह विविध कोष खाता ग.५.१	१०००००	१०००००	०
विपद व्यवस्थापन खाता ग-७-२	१४६८५४२	१४६८५४२	०
स्थानीय विभाज्य कोष ग-६-१	३३५७५००.४०	३३५७५००.४०	०
विविध खर्च खाता ग.२.७	४५६८६५५	४५६८६५५	०
धरौटी ग-३	६४५३४१५.२१	६४५३४१५.२१	०
जम्मा	१०५३३७२४१.२१	१०५३३७२४१.२१	०

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली आ.व २०८१।०८२ मा बनाएको छ । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहायबमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाइयो ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वयन गरेको छैन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात एकै पटक गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

५ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.१ करोड ६३ लाख ६० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१ करोड ५९ लाख अर्थात अनुमान भन्दा २.५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु हजारमा		
केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२६२१३४	१५९००	६.०६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

रु हजारमा			
आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	०	२९७	२९७
घरजग्गा वहाल कर	२५०	३७२	१४८
व्यवसाय कर	५००	३०२	६१
वहाल विरौटी शुल्क	५०	०	०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।पालिकाले एकीकृत सम्पत्ति करको अनुमान नै नगरेको अवस्थामा रु २ लाख ९७ हजार असूल भएको छ भने वहाल विटौरी कर रु ५० हजारको अनुमान गरेकोमा असुली भएको नदेखिँदा आय अनुमान यथार्थपरक बनाउनुपर्दछ ।

८ **राजश्व वाँडफाँड**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,२०६,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरूले आ.व. २०८१।०८२ मा विभिन्न शिर्षकमा रु २८८९७३३ स्वचालित प्रणाली मार्फत असूल गरी दाखिला गरेको विवरण पेश भएको तर पालिकाबाट नियमित रुपमा भिडान गरेको नदेखिदा भिडान गरी असूली र दाखिलाको सुनिश्चित गर्नुपर्दछ ।

१० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.२३२२५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

११ **दहत्तर वहत्तरः**

राजस्व परामर्श समितिको मिति २०८१।८।५ गतेको बैठकबाट गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् लागि तेस्रो पटक सम्म पनि बोलपत्र आब्हान गर्दा कुनै पनी ठेक्का नपरेकोले बौदीखोला अन्तर्गतका ४ वटा वगर क्षेत्रका(छेरानकुना, शेराघाट, कटुवाक्षेत्र र शेरा पच्चासे दोभान) क्षेत्र बाट अमानतबाट प्रविधिक प्रतिवेदनको आधारमा उत्खनन् गर्ने र प्रत्येक क्षेत्रको लागी एकजना कर्मचारी खटाउने गरी भएको निर्णय कार्यपालिकाबाट अनुमोदन भएको छ ।आई.ई.ई प्रतिवेदन अनुसार उल्लेखित घाट क्षेत्रबाट निम्नानुसार उत्खनन् हुनसक्ने गरी बोलपत्र आब्हान भएकोमा कर्मचारीबाट अमानतबाट उठाउँदा रु ३३५७४९९ आम्दानी भएको देखिन्छ ।

घाटको विवरण	परीमाण(घ.मी)	न्यूनतम रकम(मू.अ.कर बाहेक)
छेटाङ्ग कुना क्षेत्र	१०५४७.९१	३३५२४६६.९७
सेराघाट क्षेत्र	८७४७.९०	२७८०३६१.९२
कटुवा क्षेत्र	७५७८	२४०८५३०
सेरा पन्चासे दोभान क्षेत्र	५९६३.७८	१८९५४८०.१३
जम्मा	३२८३७.५९	१०४३६८३९.०२

उल्लेखित घाट क्षेत्रमध्ये सेराघाट र सेरा पचासे दोभान क्षेत्रमा मात्र कर्मचारी खटाई रु ३३ लाख ५७ हजार आम्दानी गरेकोमा प्राविधिक मूल्याङ्कन बमोजिम न्यूनतम १ करोड ४ लाख प्राप्त हुनुपर्नेमा त्यसको ७१ प्रतिशत मात्र राजस्व प्राप्त भएको पाइयो । गाँउपालिका अपेक्षित राजस्व संकलन भएको नदेखिँदा कारण पहिचान गरी कार्ययोजना सहित राजस्व असुली गर्नुपर्दछ ।

१२ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३४०,८७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु. ४८ करोड ४५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१६ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष सडक ग्राभेल तर्फ २० लाख समानीकरण अनुदानको व्यवस्था गरी ३ वटा सर्जिमन मुचुल्काको आधारमा रु.१३ लाख २० हजार खर्च गरी गाउँकार्यपालिकाको ०८१।१२।२७ को निर्णयबाट अनुमोदन गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि देहाय बमोजिमका वडागत र पालिकास्तरका कुल १७९ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	७५	३	३९	३३
२.	वडास्तरीय	१०४	०	१३	९१
		१७९	३	५२	१२४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १५० योजनामात्र कार्यान्वयन भई २९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८ लक्ष्य प्रगति

: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । जिम्मेवार पदाधिकारीले तोकिएको ढाँचामा बजेट तथा खर्चको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

१९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११ करोड १२ लाख ७९ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को कूल खर्च तथा क्षेत्रगत खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२४४३५०००	११०८२३३४	३.०५
२	सामाजिक विकास	२३३२१५०००	१९८४५५२५८	५४.६१
३	पूर्वाधार विकास	११२४१३०००	८०५२८७१६	२२.१६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२३२३०००	९८०४०७०	२.६९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०२११६०००	६३४८१८०४	१७.४७
कुल जम्मा		४८४५०२०००	३६३३५२१८२	१००

उपयुक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा वढी कूल खर्चको ५४.६१ प्रतिशत तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम २.६९ प्रतिशत खर्च गरेको छ ।पूर्जिं निर्माण हुने क्षेत्रमा लक्षित कार्यक्रम संचालन गर्नुपर्दछ ।

२१ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

						रु हजारमा
बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१११२७८	०	९८१४	१९७७१	८१६९३	३९०६७
प्रतिशत	१००	०	६.५२	१३.१३	५४.२७	३५.१०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड १२ लाख ७८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रकम खर्च नभएको, दोस्रो त्रैमासिकमा रु.९८ लाख १४ हजार (६.५२ प्रतिशत) ,तेस्रो त्रैमासिकमा रु १ करोड ९७ लाख ७१ हजार (१३.१३ प्रतिशत) र चौथो त्रैमासिकमा ८ करोड १६ लाख ९३ हजार(५४.२७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ९० लाख ६७ हजार (३५.१० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

२२ **खर्च विश्लेषणः**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु १ करोड ५९ लाख, राजस्व बाँडफाँड र अनुदानबाट रु ३३ करोड ७९ लाख ०३ हजार समेत रु ३५ करोड ३८ लाख ०३ हजार आम्दानी भएकोमा चालु तर्फ रु २५ करोड २० लाख ७३ हजार र पूँजिगत तर्फ रु ११ करोड १२ लाख ७९ हजार समेत रु ३६ करोड ३३ लाख ५२ हजार(मौज्दातबाट समेत) हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ८७ लाख ४९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२३ **परामर्श सेवा (डीपिआर)**

सार्वजनिक खरिद ऐन, 2063 को दफा 8 र 9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले परामर्शकर्ताबाट दररेट माग गरी स्वीकृत बजेटको आधारमा लागत अनुमान तयार गरेको लागत अनुमान यथार्थपरक भए नभएको विषयमा यकिन हुन सकिएन ।पालिकाले चौवार्दी खोलापुलको डि.पि.आर गर्ने प्लाटफर्म ईन्जिनियरिङ्ग कम्पनी प्रा.लि संग खरिद सम्झौता गरी रु ४८८६२५ भुक्तानी दिएको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।परामर्श सेवा खरिद तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले परामर्श सेवा खरिद गर्दा दक्ष जनशक्तिको अभाव भएको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएको छ ।

२४ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च, प्रकोप व्यवस्थापन जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ७७६३७०१.२६ सहित रु. १०६९५१८६.०९ आय र रु ४५५७९८९ खर्च गरी रु ६१३७१९७.०९ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

२५ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ ।कार्यालयले कन्टिन्जेन्सी वापत रु ५१९९४७ खर्च गरेको छ । खर्च गरेको विवरण स्पष्ट गरेको छैन ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सीको खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ । कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

२६ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको

परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले संघीय सशर्त अनुदान र गाँउपालिकाको तर्फ बाट मानसरोवर मेडी हेल्थ प्रा.लि बाट रु २१३१२९१ को औषधि खरिद गरेको देखिन्छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२८ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३१ वटा ऐन, ११ वटा नियमावली मापदण्ड।निर्देशिका र ४९ कार्यविधि ९१ बटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

३० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यस वर्ष थप भएको १७ विवाद दर्ता भएकोमा १५ वटा फर्स्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३१ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका १७ वटा सहकारी संस्थाहरू मध्ये १ वटा कालीगण्डकी सहकारी संस्थाले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट नियमित विवरण दाखिला गरेको छ । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको

सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **आर्थिक सहायता –**

गाउँपालिकाले आर्थिक सहायता वापत रु ५ लाख बजेट विनियोजन गरिएकोमा ११ वटा विभिन्न व्यक्ति तथा संस्थालाई ४ लाख ०१ हजार खर्च गरेको छ । आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गरी वितरण गरिएको आर्थिक सहायता सार्वजनिक गर्नुपर्दछ ।

३३ **आयोगको परामर्श**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था अनुसार ७६ जनाको दरबन्दी स्वीकृत भएकोमा ७० जनाको पदपूर्ती भई लेखापरीक्षण अवधिसम्म १ पशु विकास अधिकृत सहित ६ जना पदपूर्ति भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३५ **तलबी प्रतिवेदन -**

निजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४७ तथा नियम ७४ समेतमा प्रदेश लेखा ईकाइ बाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष सभाबाट तलबी प्रतिवेदन पारित गराई गाउँपालिकातर्फका २७ कर्मचारी तथा सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ कर्मचारीको रु. १ करोड ५२ लाख ४८ हजार पारिश्रमिक खर्च लेखेको छ । कानून बमोजिम तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब, भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले कानूनले तोकेको निकायबाट तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३६ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले अवकास कोषको व्यवस्था गरेको देखिएन ।त्यसतै कोषको संचालन सम्बन्धि पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको नदेखिँदा नियमअनुसार अवकासको व्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ ।

३७ **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३८ **अनुदानको अनुगमन मूल्याङ्कन -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ ।

पालिकाले यस वर्ष २२ कार्यक्रममा निम्न कृषि फर्म तथा सहकारी संस्था तथा व्यक्तिहरुलाई ३१ लाख ६० हजार विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन ।

क्र.सं.	अनुदान दिएको संस्थाको नाम र ठेगाना	अनुदान विषय	जम्मा भुक्तानी रकम.
१	विभिन्न १९ जना कृषकहरु	गोठ सुधार कार्यक्रम ५०% अनुदानमा	६३४२५१
२	अकलादवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड बौदीकाली २ डेढगाउँ	डेरी उपकरण सहयोग कार्यक्रम	४८५३७०
३	विभिन्न ९ वटा कृषक/ फर्म/समुह	जै र वर्षिम घाँस वितरण	३६०६०
४	विभिन्न १२ वटा कृषक/ फर्म/समुह	स्टालो घाँस वितरण	७४२९५
५	विभिन्न ५ जना कृषकहरु	हल गोरु वितरण गरियो	४००००
६	विभिन्न १४७ जना कृषकहरु	उन्नत जातको बंगुरको वच्चा वितरण गरियो	४७७७५०
७	विभिन्न १६ जना कृषकहरु	उन्नत जातको भैसीको पाडी वितरण गरियो	३०४०००
८	इन्दु एग्रीकल्चर प्रा.लि.	च्याउ खेति प्रवर्द्धन कार्यक्रम	३४५५०
९	कालीगण्डकी कृषि तथा पशुपन्छी पालन समुह	च्याउ खेति प्रवर्द्धन कार्यक्रम	२९९५०
१०	पुलामी कृषि फर्म	मसला बालि प्रवर्द्धन कार्यक्रम	३८५८०
११	खण्डलुक कृषि तथा पशुपालन फर्म	मसला बालि प्रवर्द्धन कार्यक्रम	४००००
१२	सगरमाथा कृषक समुह	मसला बालि प्रवर्द्धन कार्यक्रम	४००००
१३	सिंजाली कृषि पशुपालन फर्म	मसला बालि प्रवर्द्धन कार्यक्रम	१८०१६
१४	दिदीबहिनी कृषि तथा वन नर्सरी सप्लायर्स	मसला बालि प्रवर्द्धन कार्यक्रम	४००००
१५	दुइ धारे कृषि तथा पशुपन्छी पालन समूह	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	७१०४२
१६	स्वोरोजगार कृषक समुह	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	७१८९६
१७	प्रदिप एण्ड प्रविन कृषि फर्म	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	७१९१५
१८	शितल एकीकृत कृषि तथा पशुपन्छी फर्म	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	३८३४०
१९	श्रेष्ठ पशुपन्छी फर्म	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	३८३६८
२०	बौदिकाली गाउं पालिकाका१० जना कृषक /फर्म/समुहलाई अनुदान सहयोग	कृषक लाई यन्त्रीकरण सहयोग ७५ प्रतिशत	१७७०००
२१	विभिन्न ७ जना कृषक	कृषि ऋणमा ९० प्रतिशत व्याज अनुदान	५४३३५
२२	अकलादवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड तथा कृषक	कृषकलाई दुध उत्पादनमा रु ७.५ प्रति लिटर तथा दुग्ध सहकारीलाई रु २.५ प्रति लिटर	१५९०००
२३	विभिन्न १२ कृषक	कृषक लाई सिंचाई पाईप सहयोग ७५ प्रतिशत	१८५४४४
		जम्मा अनुदान वितरण रकम	३१६०१६२

अनुदान वितरण गर्दा सकभर दर्ता भएको कृषक समूहलाई दिनुपर्दछ तथा वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गरि बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।

३९ **म्याद ननाघेको पेश्की** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाबाट प्राप्त पेश्कीको एकिकृत विवरण अनुसार गत वितग वर्ष देखि हालसम्म कुनैपनि पेश्की बाँकी नरहेको विवरण पेश भएको छ ।

४० **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियमानुसार लिलाम गर्नुपर्ने व्यवस्था छ ।पालिकाले २०८२।७।२३ मा जिन्सी निरीक्षण गरेकोमा खर्च भएर जाने जिन्सी सामानको आ.व. २०८१।८२ को मौज्दात आ.व. २०८२।८३ मा सिस्टममा जिम्मेवारी सरेको नदेखिदा जिन्सी निरीक्षण गरी जिम्मेवारी भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।तथा लिलाम तथा मर्मत गनुपर्ने सामानको नियमअनुसार लिलाम तथा मर्मत गर्नुपर्दछ ।

४१ **कार्यमूलक अनुसन्धान तालिमः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ **पुरुष एकल भत्ताः**

बौदीकाली गाउँपालिका एकल पुरुष सामाजिक संरक्षण कार्यविधि, २०८१ तयार पारी ६३ जना एकल पुरुषलाई रु १० लाख बजेट विनियोजन गरी भौचर नं ४४७।२०८२।३।२४ बाट रु ७८११३३ भुक्तानी गरेको देखिन्छ । एकल पूरुषलाई वार्षिक १२ हजारमा नवढ्ने गरी मागको आधारमा ३५ जनालाई बाख्रा, ३ जनालाई बंगुरको पाठा, १३ जनालाई विभिन्न खाद्यान्न जस्ता वितरणमुखी कार्यमा रकम खर्च भएको देखिन्छ ।पालिकाले २०७८ साल देखि वितरण गर्दै आएको एकल पुरुष भत्ताको विवरण तथा अभिलेख ब्यवस्थित रुपमा राखेको देखिएन ।तसर्थ, वितरणमूखी कार्य गर्दा कार्यक्रम दोहोरो परे नपरेको यकिन गरी व्यवस्थित अभिलेख राखी आन्तरिक श्रोतलाई समेत ध्यान दिई त्यसप्रकारका भत्तालाई व्यवस्थित गर्नुपर्दछ ।

४३ **विविध खर्च**

पालिकाले यो वर्ष विविध शीर्षकबाट रू.८ लाख ४२ हजार विविध कार्यक्रममा खर्च गरेको छ । यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न खर्चको मापदण्ड निर्माण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

४४ **संघ संस्था समेतलाई सहायता**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालिका भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ । केही उदाहरण

भौ.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
४२३।०८२।३।२२	डायमण्ड यूथ क्लव	विविध खर्च	१००००
४४६।०८२।३।२४	गौडाकोट जेसिस	विविध खर्च	९१२५
३९३।०८२।३।१९	सुयोग ईम्पोरिमय	आमा समूहलाई वाद्यवादन सामग्री	९६६३८

४५ **अनुगमन तथा भ्रमण खर्च** -

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक भ्रमण खर्च, अन्य भ्रमण खर्च र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.१८५७००० खर्च लेखेको छ ।कार्यालयले भ्रमणको उद्देश्य, भ्रमण तथा अनुगमन पश्चात अनुगमन तथा भ्रमण प्रतिवेदनमा पूर्ण विवरण नखुलाएको एंव भ्रमण अभिलेख दुरीको विवरण आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

४६ **ईन्धन खर्च** -

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि कार्यालय प्रयोजन, पदाधिकारी तथा ब्याकू लोडर लागि रु.४४ लाख बजेट विनियोजन गरी रु २९ लाख २३ हजार खर्च गरेको छ । ईन्धन खर्चको लागि आवश्यक पर्ने कार्यविधि बनाएको देखिएन।तसर्थ, ईन्धन प्रयोगको कार्यविधि बनाई PAMS को v2 बाट निकालिएको कुपनको प्रयोग गरी सवारी साधनको लगबुकको आधारमा खर्चमा मितव्ययीता ल्याउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

सि.न	ईन्धन खर्च शिर्षक	विनियोजित बजेट	खर्च रकम
१	कार्यालय प्रयोजन तर्फ	१२००००००	९६४०००
२	जे.सि.वि	२००००००	१४०८०००
३	पदाधिकारी	१२००००००	५५१०००
	जम्मा खर्च	४४००००००	२९२३०००

४७ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. २८ लाख बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा जम्मा रु. १८ लाख ९४ हजार खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा कुन कर्मचारी तथा पदाधिकारीको लागि के कति खर्च भएको सम्बन्धमा एकीकृत विवरण तथा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

४८ **कर्मचारी अवकाशः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ को उपदफा १ र ३ स्थानीय तहमा कार्यरत कर्मचारी अवकाश हुँदा अवकास खर्च उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्ने व्यवस्था छ । योगदानमा आधारित उपदान, निवृत्तिभरण,औषधि उपचार लगायत सुविधा अवकाश कोषबाट खर्च व्यहोर्नुपर्ने उल्लेख छ ।कोष स्थापना गर्दा दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत कट्टा गरी सो रकम बराबर हुने आउने रकम जम्मा गर्नुपर्ने र अवकाश हुँदा सबै सुविधा कोषबाटै उपलब्ध

गराउनुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोषको सञ्चालन, कोषमा कर्मचारीको योगदान र कोषबाट कर्मचारीले पाउने सुविधा सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । कानुनी व्यवस्था नगरी कर्मचारी कल्याण कोष शिर्षकमा रु ३५ लाख विनियोजित रकमबाट पालिकाले राजिनामा स्वीकृत गरी स्वैच्छिक अवकाश लिएका स्थानीय सेवामा कार्यरत सहायक पाँचौ कर्मचारी नारायण प्रसाद ओझालाई उपादान वापत रु ८५८२०८, घर विदा रु २२२१२०, विरामी विदा रु २२८९०७ तथा औषधि उपचार खर्च विपत ७७७९६६ गरी जम्मा रु २०८७१९८ रकम खर्च लेखेको छ । तसर्थ कर्मचारी कल्याण कोषको सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था नगरी खर्च नियमसंगत नदेखिँदा कोषको गठन गरी संचालन गर्नुपर्दछ ।

४९ **औषधी उपचार खर्च**-

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा २ग मा लक्षित समूहमा परेका औषधी उपचार गर्न नसक्ने गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्रवाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा विपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका विपन्न रहेको प्रमाणपत्र प्राप्त लाभग्राहीलाई दफा ४ बमोजिम मासिक पाँच हजार रुपैयाँको दरले लाभग्राहीको खातामा औषधी उपचार बापत खर्च दिने व्यवस्था गरेको छ। यस पालिकाले चिकित्सकको सिफारिस तथा बिरामीको निवेदन समेतको आधारमा २७ जना बिरामीहरूलाई संघीय सशर्त चालुतर्फ गो.भौ.नं. ४० मिति २०८१।९।७ बाट रु.५००० का दरले रु.४२००००, गो.भौ.नं. ७९ मिति २०८१।१२।१३ बाट रु.३३०००० तथा संघीय सरकारबाट हस्तान्तरित स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत रु. ५४१७२८ गरी जम्मा रु.१२९१७८२ उपलब्ध गराएको छ । तर कार्यविधिमा तोकिएबमोजिम लाभग्राही व्यक्ति औषधी उपचार गर्न नसक्ने गरिब वा विपन्न भएको खुल्ने परिचयपत्र वा स्थानीय तहबाट समिति गठन गरी गरिब वा विपन्न व्यक्ति पहिचान गरेको देखिएन। यसबाट वास्तविक लाभग्राहीले उपचार बापत खर्च पाएको सम्बन्धमा विश्वस्त हुने आधार रहँदैन। कार्यविधि बमोजिम गरिब वा विपन्न लाभग्राहीले उपचार खर्च पाएको सुनिश्चितता गर्नुपर्दछ ।

५० **रात्रीकालिन सेवा भत्ता**-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ मा यस नियमावली बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका रकुवा प्राथमिक स्वास्थ्य केन्द्रमा रात्रीकालिन सेवा दिएबापत ५ जना स्वास्थ्यकर्मीहरूलाई म्यानुअल हाजिरीको आधारमा प्रतिरात रु. १५० का दरले गो.भौ.नं. ५० बाट रु.४०९५० र गो.भौ.नं. १८२ बाट रु. ४११७५ गरी रु.८२१२५ भत्ता दिएको छ । उक्त स्वास्थ्य केन्द्रमा इ-हाजिरी समेत रहेको पालिकाले जनाएको छ । इ-हाजिरी समेतको आधारमा रात्रीकालिन सेवा गरेको देखिने स्पष्ट अभिलेख राखी यस्तो खर्च गर्नुपर्दछ ।

५१ **शिक्षक विद्यार्थी अनुपात:**

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैँतालिस र चालीस हुनुपर्ने, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा शिक्षक दरबन्दी मिलान गर्दा हिमाल, पहाड र तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश: चालिस, पैचालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचानको आधारको रूपमा लिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ५ मा समेत विद्यालय समायोजन एवं एकीकरणका आधारहरू रहेका छन् । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

क्र.सं.	विद्यालयको नाम	ठेगाना	सञ्चालित कक्षा	शिक्षक संख्या	विद्यार्थी संख्या				जम्मा विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
					१ देखि ५	६ देखि ८	९ देखि १०	११ देखि १२		
१	धर्मात्मा मा.वि. विद्यालय	बौदीकाली-१ मचेडी	१-१२	१४	५५	७२	४८	१७	१९२	१:१४
२	दिपज्योति आधारभूत विद्यालय	बौदीकाली-१ सिमलडाँडा	१-३	१	८	०	०	०	८	१:८
३	सिद्धि आधारभूत विद्यालय (प्रा. वि)	बौदीकाली-१	१-३	२	१०	०	०	०	१०	१:५
४	सिद्धि विद्याश्रम मा.वि. विद्यालय	बौदीकाली-१ मिनामकोट	१-१०	९	४८	४०	७	०	९५	१:११
५	डेढगाउँ मा.वि. विद्यालय	बौदीकाली-२ डेढगाउँ	१-१२	१६	९०	१२६	८१	८७	३८४	१:२४
६	बालकल्याण आधारभूत विद्यालय	बौदीकाली-२ डेढगाउँ	१-८	८	१०२	६०	०	०	१६२	१:२०
७	जनता आधारभूत विद्यालय -२ (प्रा .वि)	बौदीकाली-२ डेढगाउँ	१-५	४	२५	०	०	०	२५	१:६
८	कालिगण्डकी आधारभूत विद्यालय-२	बौदीकाली-२ डेढगाउँ	१-५	४	४०	०	०	०	४०	१:१०
९	अकलादेवि आधारभूत विद्यालय	बौदीकाली-२ डेढगाउँ	१-३	१	१५	०	०	०	१५	१:१५
१०	बेलभञ्याङ मा.वि. विद्यालय	बौदीकाली-३ रकुवा	१-१०	१५	५२	३७	१७	०	१०६	१:७
११	शारदा मा.वि. विद्यालय	बौदीकाली-३ रकुवा	१-१०	९	५७	६०	२८	०	१४५	१:१६
१२	दुर्गा आधारभूत विद्यालय	बौदीकाली-३ रकुवा	१-३	२	१८	०	०	०	१८	१:९
१३	सिद्ध आधारभूत विद्यालय	बौदीकाली-३ रकुवा	१-३	२	५	०	०	०	५	१:३
१४	नगरडाँडा मा.वि. विद्यालय रुचाङ्ग	बौदीकाली-४ रुचाङ	१-१२	११	२७	२३	५३	४०	१४३	१:१३
१५	सर्बप्रिय आधारभूत विद्यालय	बौदीकाली-४ रुचाङ	१-८	७	४९	४७	०	०	९६	१:१४
१६	महेन्द्रज्योति आधारभूत विद्यालय	बौदीकाली-४ रुचाङ	१-५	४	३०	०	०	०	३०	१:८
१७	बालकल्याण आधारभूत विद्यालय	बौदीकाली-४ रुचाङ	१-५	२	२४	०	०	०	२४	१:१२
१८	लोकप्रिय आधारभूत विद्यालय	बौदीकाली-४ रुचाङ रिट्ठे	१-८	३	१४	०	०	०	१४	१:५

१९	लोकप्रिय आधारभूत विद्यालय	बौदीकाली-४ रुचाङ चारडाँडा	१-५	६	२८	२१	०	०	४९	१:८
२०	पदमकन्या आधारभूत विद्यालय	बौदीकाली-५	१-५	२	१६	०	०	०	१६	१:८
२१	उदय मा.वि. विद्यालय	बौदीकाली-५	१-१०	११	१९	२५	३९	०	८३	१:८
२२	उत्तम बालहित आधारभूत विद्यालय	बौदीकाली-५	१-८	५	१४	१३	०	०	२७	१:५
२३	बालहित जनजागृत आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-५	२	२०		०	०	२०	१:१०
२४	चण्डि देउराली आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-५	३	१७		०	०	१७	१:६
२५	नगरडाँडा मा.वि. विद्यालय	बौदीकाली-६ नरम	१-१०	९	३३	६५	४६	०	१४४	१:१६
२६	लक्ष्मी आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-८	४	५	२	०	०	७	१:२
२७	पञ्चकन्या आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-३	०	४	०	०	०	४	बालविकास
२८	जनता आधारभूत विद्यालय - (नि.मा. वि)	बौदीकाली-६ नरम	१-८	६	१९	१९	०	०	३८	१:६
२९	उदय आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-५	३	३८	०	०	०	३८	१:१३
३०	महाभारत आधारभूत विद्यालय	बौदीकाली-६ नरम	१-५	२	७	०	०	०	७	१:४
जम्मा				१६७	८८९	६१०	३१९	१४४	१९६२	१:१२

उपर्युक्त विवरण अनुसार यस पालिकाका सामुदायिक विद्यालयहरूमा औषत शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको देखिन्छ ।जसमा डेढगाउँ मा.वि. मा सबैभन्दा बढी १:२४ रहेको देखिन्छ भने लक्ष्मी आधारभूत विद्यालय नरममा सबैभन्दा कम १:२ रहेको देखिन्छ।

५२ **निशुल्क पाठ्यपुस्तक अनुदान:**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकममा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले गो.भौ. नं. र मिति ८१/२०८१।१२।२१ बाट शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी निशुल्क पाठ्यपुस्तक अनुदानतर्फ ७५ प्रतिशत रु. ९४७८१३ निकासा गरेकोमा विद्यालयहरूले पेश गरेको पाठ्यपुस्तक खरिदको बिल तथा विद्यार्थीहरूलाई पाठ्यपुस्तक बुझाएको भरपाईलाई आधार मानी भौ. नं. र मिति १७०/२०८२।३।२१ बाट थप रु. ३२७९२९ गरी जम्मा रु.१२७५७४२ निकासा दिएकोमा IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरी राखेको देखिएन । जसका कारण विद्यार्थी संख्यामा फरक परेको

देखिन्छ । हरेक निकासामा तथ्याङ्क सत्यापित गराई यथार्थ विवरण प्रमाणित गरी सत्यापति यथार्थ विवरणको आधारमा निकासा गर्नुपर्दछ ।केही उदाहरण:

विद्यालय	कक्षा	विद्यार्थी संख्या	
		emis अनुसार	भरपाई अनुसार
डेढगाउँ मा.वि.	२	१२	१३
	४	२६	२७
	५	२३	२६
बेलभन्ज्याङ मा.वि.	१	७	६
	२	५	६
	७	१२	११
	८	१०	११
	९	१५	१७
शारदा मा वि	२	८	७
	४	१४	१५
	६	१६	१३
	८	२०	२१
	९	१८	१५
सिद्धि विद्याश्रम मा वि	२	७	८
	४	१०	९
	५	९	८
	६	१५	१३
	७	१५	१८
	८	१५	१३
	१०	३	४

५३ **स्वयंसेवक शिक्षक-**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को बुदा नं. ४.१ मा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरू, राहत अनुदानमा कार्यरत शिक्षकहरू, प्रारम्भिक बाल विकासका शिक्षकहरू¸ विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्तासमेत सशर्त अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थायी नियुक्तीको लागि उम्मेद्वार सिफारिस भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने र नियम ९८(१) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्न नहुने व्यवस्था रहेको छ। यस स्थानीय तह अन्तर्गत ४ वटा विद्यालयहरूमा दरबन्दी बेगरका ५ स्वयंसेवक शिक्षक नियुक्त गरी पालिकाले तलब भत्ता समेतमा रु.५००००० खर्च लेखेको छ। यस्तो कार्यमा नियन्त्रण गरी शिक्षक आवश्यक भए शिक्षकको दरबन्दी मिलान तथा आवश्यक दरबन्दी थपका लागि पहल गर्नुपर्दछ । यस सम्बन्धमा हाल स्वयंसेवक शिक्षक नराखिएको पालिकाले जनाएको छ ।

५४ **जिन्सी दाखिलाः**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **६३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **९७,५३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५५ **समन्वय नभएकोः** (6-2082-03-11):

प्रदेश विशेष अनुदान तर्फ बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा संचालित ठेक्का नं १।०८१।०८२ मा बहाखोला खानेपानी योजनाको रु ४६३३३३३.३३(भ्याट सहित) मा न्यू ईन्जिनियरिङ प्रा.लि संग मिति २०८२।१।३१ भित्र सम्पन्न गर्ने गरी मिति २०८०।८।२७ मा सम्झौता भएको छ ।उक्त योजनामा ५० एम.एम को जि.आई पाईप ४०७७ रनिङ्ग मिटर प्रयोग हुने गरी लागत अनुमान तथा सम्झौता भएकोमा उक्त योजनाको ओटाङ्ग देखि बराजुभान सम्म खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँबाट सोही ठाँउमा सोही प्रकारबाट कार्य संचालन गरेकोले ल.ई बमोजिमको जि.आई पाईप खपत नहुने भनी २०८१।१२।२७ मा भेरिएसन अर्डरबाट रु ३९०१८८४.६६ कायम गरी रु ३८४७७२३.५५ भुक्तानी गरी कार्य भएको छ ।यस प्रकारका कार्य अन्य स्थानमा पनि हुन सक्ने देखिँदा समन्वयात्मक तरीकाबाट योजना छनौट गरी कार्यान्वियन गरिनुपर्दछ ।

५६ **बीमाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई बीमा गरेर मात्र निर्माण कार्य गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	विओक्यू मा बीमा रकम	कैफियत
२।२०८०।०८१	घट्टघर एन आर पि कन्स्ट्रक्सन	४३६६७११	०	बीमा नगरेको

५७ **जटिल संरचनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१२७।०८२।३।४	कामादी खोला उपभोक्ता समिति	कल्भड निर्माण	६७६२२६
१५७।८२।३।१८	सार्वजनिक आ वि उपभोक्ता समिति	भवन	६५२२७८
१५५।०८२।३।१८	लालीगुरास आमा समूह	भवन	६२३००७

नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनुपर्दछ ।

५८ **बौदीकाली चक्रपथः** (211-2082-03-25):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **३६१,७३७.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **प्रशासकीय भवनः**

५९.१ पालिकाको ठेक्का नं ०२।०७८।०७९ अन्तर्गत डेडगाँउ नवलपरासी(व.स.पू) मा कामाख्या।वि.एम जे.भी द्धारा निर्माणका लागि पि.एस र भ्याट सहित रु ६३४४५७६८.५७ मा २०८१।१।२२ भित्र सम्पन्न गर्ने गरी मिति २०७९।१।२१ मा सम्झौता भएकोमा सम्झौता बमोजिमको कार्यसम्पन्न गरी मिति २०८१।१।१० मा सातौ तथा अन्तिम विल रु २१७०५९१०.८० भुक्तानीको लागि पेश भएको मध्ये गतवर्ष आ.व २०८०।०८१ मा भुक्तानी भएको ६० लाख र चौथो रनिङ्ग विलमा फरक पर्न गएको रु ३५०८३.९० समेत रु ६०३५०८३.९० कट्टा गरी वाँकी रहेको रु १५६७०८२६(भ्याट सहित) निम्नानुसार भुक्तानी भएको मा थप व्यहोराहरु निम्नानुसार छनः

भुक्तानी स्रोत	भौचर मिति	रकम
पालिका पूँजिगत	७।०८१।८।२१	३८७०८२६
अन्तरसरकारी अख्तियारी	१।०८१।८।२०	११८०००००
	जम्मा	१५६७०८२६

५९.२ प्रमाणित अभिलेखः

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **११,८००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

५९.३ गुणस्तरः कार्यालयको प्रतिवेदनको कि.नं १३० बमोजिम कार्यालयमा जडान भएको लिफ्ट konei monospace elevator रु १५९९००० मा खरिद भै जडान भएकोमा त्यसको गुणस्तर परीक्षण सहित ग्यारेण्टी प्रमाणपत्र पेश गर्नुपर्दछ ।

६० **आधारभूत अस्पतालः** (७०-2082-01-30):

बौदीकाली-२ डेडगाँउमा १५ शैयाको आधारभूत अस्पताल निर्माण गर्ने ठेक्का नं ३।०७७।०७८ अन्तर्गत माउण्टेन ईन्फ्रा कम्पनी लि. पानीपोखरीसंग मिति २०८०।३।१३ भित्र सम्पन्न गर्ने गरि रु १५३२८८२७७.४९ भ्याट सहित सम्झौता भएकोमा २०८०।११।२६ सम्म म्याद थप भएको छ । गत वर्ष मिति २०८०।११।६ मा छैटौ रनिङ् विल सम्म मूल्य समायोजन वाहेक १६१११५०२० को कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा गत वर्षसम्म पाँचौ रनिङ् विलको भुक्तानी हुन वाँकी भई दायित्व देखिएको रु ४१३८५५७.५८ र छैटौ विलको मूल्याङ्कनमा मूल्य समायोजन दावी गरेको कट्टा गरी हुने रु १६०६७७६०.६६ समेत २०२०६३१७ भुक्तानी गरी कार्यसम्पन्न प्रतिवेदन पेश भई अस्पताल संचालनमा आएको छ ।

६१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।पालिकाले वडा नं १ कार्यालय निर्माणको ठेक्काका निर्माण व्यवसायीसँग सम्झौताको सामग्री खरिद, निर्माण तथा मर्मत सम्भार कार्यको लागि गरेका निर्माण व्यवसायी साहिवावा कन्स्ट्रक्सनसँग मिति २०८१।१।३ मा २०८१।३।१० भित्र निर्माण सम्पन्न गर्ने गरी भ्याट बाहेक रु १४६४०२२.०२ मा सम्झौता गरेकोमा खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा

कार्य गर्न नसकेकोमा मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन र निर्माण कार्य पनि अधुरो रहेकोले सोही नियमावली बमोजिम सम्झौता रकमको १० प्रतिशतले हुनेरु १४६४०२ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४६,४०२

६२ **सामाजिक सुरक्षा-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ग्लोबल आई एम आई बैंक मार्फत रु ७००५९९५५ सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ ।लेखापरीक्षणको क्रममा सम्बन्धित बैंङ्कहरुले फरवार्ड फिड र रिभर्स फिड अनुसार सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख भिडान गर्दा निकासा भएको रकममध्ये रु १४८६१८ रकम बैंकमा बाँकी रहेकोमा फिर्ता लिई संचित कोषमा दाखिला भएकाले नियमित विवरण भिडान गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा २६ योजना सञ्चालन गरी यस वर्ष ७७ जनालाई औसत ८९ दिनले ६८४५ दिन रोजगारी उपलब्ध गराई रु.४५७२४६० श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बौदीकाली गाउँपालिका, नवलपुर , बौदीकाली गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	बुद्धि प्रसाद सुवेदी	२०८१-२-१५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८४९,०१७.५	११,८००,०००	२,३३४,१८७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१४,९८३,२०४.५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१४,८३६,८०२.५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१४६,४०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११५४९७२६५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६२३३३०१५	चालु खर्च	२५२०७३०५४
प्रदेश सरकारबाट अनुदान	१७४३२७००	पूँजीगत खर्च	१११२७९१२८
राजश्व बाँडफाँट	७०५४९७८४	वित्तीय/अन्य व्यवस्था	११३६३९७५८
आन्तरिक आय	१९५७५८८७		
अन्य आय	९६९४०५३०		
कुल आय	४६६८३१९१६	कुल खर्च	४७६९९१९४०
बाँकी मौज्दात		१०५३३७२४१	

अनुसूची - २

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	७,२५,०२,३११.१८	७,२५,०२,३११.१८	६,५२,२४,४६१.१४	६,५२,२४,४६१.१४
१३०००	अनुदान	२६,२१,३४,८४०.५६	२६,२१,३४,८४०.५६	२४,६६,७५,२९६.७७	२४,६६,७५,२९६.७७
१४०००	अन्य राजस्व	९२,२४,३५०.९१	९२,२४,३५०.९१	७६,१५,३२९.९१	७६,१५,३२९.९१
१५०००	विविध प्राप्ति	९९,४१,९८०.००	९९,४१,९८०.००	२,२७,५५०.००	२,२७,५५०.००
क	कुल जम्मा प्राप्ति	३५,३८,०३,४८२.६५	३५,३८,०३,४८२.६५	३१,९७,४२,६३७.८२	३१,९७,४२,६३७.८२
३	चालु	२५,२०,७३,०५५.७३	२५,२०,७३,०५५.७३	२२,९४,६२,०५९.४६	२२,९४,६२,०५९.४६
२१०००	पारिश्रमिक / सुविधा	१५,५३,५०,७३४.०४	१५,५३,५०,७३४.०४	१५,५३,४२,४९६.३१	१५,५३,४२,४९६.३१
२२०००	मालसामान तथा सेवाको उपयोग	३,९९,२३,२७०.६९	३,९९,२३,२७०.६९	६,६२,९८,४२४.४०	६,६२,९८,४२४.४०
२५०००	सहायता (Subsidy)	२३,३१,७५९.००	२३,३१,७५९.००	५,९८,६५०.००	५,९८,६५०.००
२६०००	अनुदान	४,११,७५,६९८.००	४,११,७५,६९८.००	०	०
२७०००	सामाजिक सुरक्षा	१,२३,६६,३९७.००	१,२३,६६,३९७.००	२१,३३,५७७.००	२१,३३,५७७.००
२८०००	अन्य खर्च	९,२५,१९७.००	९,२५,१९७.००	५०,८८,९११.७५	५०,८८,९११.७५
४	पूंजीगत	११,१२,७९,१२८.४०	११,१२,७९,१२८.४०	११,४८,०६,०२८.६५	११,४८,०६,०२८.६५
३१११०	भवन तथा संरचना	३,३०,४२,७७९.००	३,३०,४२,७७९.००	१,१५,४२,३९३.५६	१,१५,४२,३९३.५६
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	९८,५५,४२८.००	९८,५५,४२८.००	७०,८४,४८९.००	७०,८४,४८९.००
३११३०	अन्य पूँजीगत खर्च	०	०	२६,३७,४४३.००	२६,३७,४४३.००
३११५०	सार्वजनिक निर्माण	६,४२,८१,०८४.४०	६,४२,८१,०८४.४०	९,३५,४१,७०३.०९	९,३५,४१,७०३.०९
३११६०	निर्मितसरचनाको सुधार खर्च	२३,५४,७०२.००	२३,५४,७०२.००	०	०
३१२२०	मौज्दात सामानहरु	१७,४५,१३५.००	१७,४५,१३५.००	०	०
ख)	कुल जम्मा भुक्तानी	३६,३३,५२,१८४.१३	३६,३३,५२,१८४.१३	३४,४२,६८,०८८.११	३४,४२,६८,०८८.११
ग)	बचत /कमी (ग = क-ख)	(९५,४८,७०१.४८)	(९५,४८,७०१.४८)	(२,४५,२५,४५०.२९)	(२,४५,२५,४५०.२९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(३,२०,७५६.७२)	(३,२०,७५६.७२)	(५०,२४,९४६.९७)	(५०,२४,९४६.९७)

घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(२,९०,५६५.००)	(२,९०,५६५.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(९८,६९,४५८.२०)	(९८,६९,४५८.२०)	(२,९५,५०,३९७.२६)	(२,९५,५०,३९७.२६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	११,५२,०६,६९९.९०	११,५२,०६,६९९.९०	१४,४७,५७,०९७.१६	१४,४७,५७,०९७.१६
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१०,५३,३७,२४१.७०	१०,५३,३७,२४१.७०	११,५२,०६,६९९.९०	११,५२,०६,६९९.९०

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्भौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्भौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्भौतातथा गोपनीयता सम्भौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।